नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार विभाग**

**ई.पि.एस कोरिया शाखा, ग्वार्को, ललितपुर**

**मितिः- २०८१/०४/११**

सन् २०२४ को बिशेष कोरियाली भाषा परीक्षा (Special EPS-TOPIK 2024, CBT) को फाराम भर्ने उम्मेदवारको थप लिष्ट प्राप्त भएको हुँदा फारम भर्ने म्याद थपिएको सम्बन्धी अत्यन्त जरुरी सूचना ।

नेपाल सरकार र गणतन्त्र कोरिया सरकार बीच सम्पन्न समझदारी पत्र (MoU) अनुरुप रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत दक्षिण कोरियाबाट काम गरी वैधानिक तवरले फर्केका कामदारहरुलाई पुनः कामदारको रुपमा पठाउने प्रक्रिया अन्तर्गत उम्मेदवारको छनौट गर्ने क्रममा Human Resource Development Service of Korea (HRD) बाट सञ्चालन हुने बिशेष कोरियन भाषा परीक्षा (**Special EPS-TOPIK, CBT)** मा सामेल हुन चाहने कामदारको HRD Service of Korea बाट मिति २०८१/०३/२४ मा प्राप्त भएको नामावलीमा पुन : थप कामदारको नामावली HRD Service of Korea बाट मिति २०८१/०४/१० गते प्राप्त भएको हुँदा थप लिष्टमा नाम समावेश भएकाहरूले र पहिले पठाएको सूची (२०८१/०३/२४ मा) HRD Service of Korea बाट प्राप्त भएको लिष्टमा नाम समावेश भएर पनि फाराम भर्न छुटेका वैधानिक तवरले फर्केका इच्छुक कामदारहरूले अनलाइन फाराम भर्ने पाउने म्याद यहि मिति २०८१/०४/११ गतेदेखि २०८१/०४/१३ गतेसम्म थप गरिएको हुँदा अनलाईन आवेदन फाराम भर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

फाराम भर्दा डाटा फरक परेर सच्चाउनु परेमा मिति २०८१/०४/१४ गते सोमबार यस शाखामा स्वंयम उपस्थित भई वा टेलिफोन र कार्यालयको इमेल ठेगाना epsnepal2007@yahoo.com मार्फत कागजात सहित सम्पर्क राख्नु होला ।

***नोट : पुरानो र थप भएका उम्मेदवारहरूको नाम एउटै लिष्टमा भएको हुँदा लिष्ट ध्यान पूर्वक हेर्नु होला । अन्य कुराहरू यस शाखाबाट मिति २०८१/०३/२५ मा प्रकाशित सूचनामा उल्लेखित सर्तहरू नै लागु हुने व्यहोरा समेत जानकारीको लागि अनुरो गरिन्छ ।***

"कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगार आवेदन दिन योग्य भई रोजगार अनुमति प्रणाली अन्तर्गत रोजगार प्रकृयामा सामेल हुनको लागि रोष्टरमा सुचिकृत हुनु हो तर कोरियामा रोजगार पाइने शतप्रतिशत सुनिश्चितता भने होइन ।"

२०८१/४/११